# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२) काठमाडौं वैशाख ४ गते, २०६९ साल (संख्या १

## भाग ५

नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी Save the Children, काठमाडौंद्वारा सञ्चालित कार्यक्रमका लागि Save the Children, Switzerland बाट उपहार स्वरुप प्रदान गरिने CHF ६,६०० (छ हजार छ सय) मूल्य बराबरका Baby Cap थान १६,५०० आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०६८ दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल जुडो संघ, काठमाडौंका लागि International Judo Federation, Switzerland बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ४,७०८.०० (चार हजार सात सय आठ) र यूरो ११,५२०.०० (एघार हजार पाँच सय वीस) मूल्य बराबरको जुडो खेल सामग्रीहरु आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी विकासका लागि युवा अभियान, काठमाडौंद्वारा सञ्चालित कार्यक्रमका लागि स्पेनी नागरिक द्वय Lluis Trabalon Duran तथा Itziar de Andrada Wanderwilde बाट उपहार स्वरुप प्रदान गरिने यूरो ५१४.०० (पाँच सय चौध) मूल्य बराबरका लत्ता कपडा तथा शैक्षिक सामग्रीहरु आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी मानव विकास तथा सामुदायिक सेवा, ललितपुरका लागि The Evangelical Alliance Mission (TEAM), U.S.A. बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ४,८४४.०० (चार हजार आठ सय चौवालिस) मूल्य बराबरको oxygen concentrators स्वास्थ्य



४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सामग्रीहरु आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगायतका सम्पूर्ण कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०६८ दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल गल्फ संघ, काठमाडौंका लागि Himalayan Youth Golf Association, U.S.A. बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ५,१०१.०० (पाँच हजार एक सय एक) मूल्य बराबरको गल्फ खेल समेतका सामग्री तथा पोशाकहरु आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०६८ दफा १८ ले दिएको अधिकार प्रयोग गरी अखिल नेपाल फुटवल संघ, ललितपुरका लागि Asian Football Confederation, Malaysia बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ३,०३५.१५ (तीन हजार पैंतिस सेन्ट पन्ध्र) मूल्य बराबरको Nike Balls समेतका फुटवल खेल सम्वन्धी सामग्रीहरु आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगायतका शुल्क छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी Children At Risk Network Nepal (CarNet





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Nepal) द्वारा सञ्चालित कार्यक्रमका लागि Samaritan's Purse International Relief, U.S.A. बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर २६,८८०.०० (छब्बीस हजार आठ सय असी) मूल्य बराबरका Paints Sets, Balls समेतका खेलौना तथा शैक्षिक सामग्रीहरु आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ८

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सुस्त श्रवण संघ, काठमाडौंद्वारा सञ्चालित कार्यक्रमका लागि horen helfen e.V., Germany बाट उपहार स्वरुप प्रदान गरिने यूरो ३,५८५.१५ (तीन हजार पाँच सय पचासी सेन्ट पन्ध्र) मूल्य बराबरका hearing aid स्वास्थ्य सामग्रीहरु आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
कृष्णहरि वास्कोटा
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।